आलिताल गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः **०५** संख्याः मितिः २०७९/४/४

**भाग-२**

# आलिताल गाउँपालिकाको शिक्षक व्यवस्थापन तथा शैक्षिक गुणस्तर सुधार कार्यविधि, २०७९

**प्रस्तावना**: आलिताल गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा न्यून शिक्षक दरवन्दी तथा उच्च विद्यार्थी अनुपातलाई मध्यनजर गर्दै शिक्षकको मागलाई पुर्ति गर्न गाउँपालिकाबाट सिर्जना भएका अनुदान कोटामा शिक्षकको छनौटको मापदण्ड निर्धारण, परीक्षा सञ्चालन, नियुक्ति तथा पदस्थापनलाई व्यवस्थित, मर्यादीत एवम् स्तरीय बनाई योग्य र सक्षम जनशक्ति छनौट गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्न र गाउँपालिकाबाट विद्यालयहरुलाई प्रदान गरिने अनुदानलाई व्यवस्थित, पारदर्शी र मितव्ययी बनाउन आवश्यक भएकाले **शिक्षक व्यवस्थापन तथा शैक्षिक गुणस्तर सुधार कार्यविधि, २०७९** जारी गरिएको हो।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** यो कार्यविधिको नाम **आलिताल गाउँपालिकाको शिक्षक व्यवस्थापन तथा शैक्षिक गुणस्तर सुधार कार्यविधि, २०७९** रहेको छ। यो कार्यविधि आलिताल गाउँ कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय र प्रसंगले फरक अर्थ नलागेमा यस कार्यविधिमा-

क) "प्रारम्भिक बाल शिक्षा" भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक बर्षको प्रारम्भिक बाल शिक्षा दिइने विद्यालय सम्झनुपर्छ।

ख) "प्राथमिक शिक्षा" भन्नाले कक्षा एकदेखि पाँचसम्म दिइने शिक्षा सम्झनुपर्छ।

ग) "निम्न माध्यमिक शिक्षा"(आधारभूत शिक्षा) भन्नाले कक्षा एकदेखि आठसम्म दिइने शिक्षा सम्झनुपर्छ।

घ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ।

ङ) "शिक्षक सेवा आयोग" भन्नाले शिक्षा ऐन २०२८ को दफा ११ख बमोजिम गठन भएको शिक्षक सेवा आयोगलाई सम्झनुपर्छ।

च) "कार्यपालिका" भन्नाले आलिताल गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

छ) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको आलिताल गाउँपालिकालाई सम्झनुपर्छ।

ज) "गाउँ सभा" भन्नाले आलिताल गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ।

झ) "अध्यक्ष" भन्नाले गाउँपलिकाको अध्यक्षलाई सम्झनुपर्छ।

ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रशासकीय प्रमुखलाई सम्झनुपर्छ।

ट) "व्यवस्थापन समिति" भन्नाले शिक्षा ऐनको २०२८ को दफा १२ बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

ठ) "शिक्षक छनौट समिति" भन्नाले दफा २४ बमोजिम गठन भएको गाउँपालिका शिक्षक छनौट समितिलाई सम्झनुपर्छ।

ड) "शिक्षा, युवा तथा खेलकुद शाखा" भन्नाले गाउँपालिकाको शिक्षा हेर्ने विषयगत शाखा सम्झनुपर्छ।

ढ) "शिक्षा अधिकृत" भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखाको शिक्षा सेवाको अधिकृतलाई सम्झनुपर्छ।

ण) "शाखा प्रमुख" भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ।

त) "प्रधानाध्यापक" भन्नाले शिक्षा नियमावली, २०५९ को दफा ९३ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनुपर्छ।

थ) "प्राथमिक तह, गाउँपालिका शिक्षक" भन्नाले कार्यपालिकाबाट प्राथमिक तहको स्वीकृत अनुदान कोटामा नियुक्त भएको शिक्षक सम्झनुपर्छ।

द) "निम्न माध्यमिक तह, गाउँपालिका शिक्षक" भन्नाले कार्यपालिकाबाट निम्न माध्यमिक तहको स्वीकृत अनुदान कोटामा नियुक्त भएको आधारभूत तह (कक्षा ६-८)मा शिक्षण गर्ने गाउँपालिका शिक्षक सम्झनुपर्छ।

ध) "माध्यमिक तह, गाउँपालिका शिक्षक" भन्नाले कार्यपालिकाबाट माध्यमिक तहको स्वीकृत अनुदान कोटामा नियुक्त शिक्षकलाई सम्झनुपर्छ।

न) "विषय विज्ञ" भन्नाले शिक्षक छनौट तथा परीक्षा सञ्चालनको लागि शिक्षा विकास तथा समन्वय इकाइ डडेल्धुरा तथा आलिताल गाउँपालिकाको कार्यालयमा सूचीकृत भएका शिक्षकहरुलाई सम्झनुपर्छ।

## परिच्छेद २

## दरबन्दी सिर्जना, योग्यता, छनौट तथा नियुक्ति प्रक्रिया

**३. गाउँपालिका शिक्षक अनुदान कोटा सिर्जना गर्न सक्ने:**

१) गाउँपालिकाको प्रारम्भिक बाल विकास, प्राथमिक, निम्न माध्यमिक, माध्यमिक तहका गाउँपालिका शिक्षकहरुको अनुदान कोटा सिर्जना गर्न सक्नेछ।

२) गाउँपालिका शिक्षकको कोटा सिर्जना देहाय बमोजिमको मापदण्डको आधारमा गरिने छ।

क) शून्य दरबन्दी भएको विद्यालयलाइ पहिलो प्राथमिकता दिने।

ख) एक जना मात्र शिक्षक दरबन्दी भएको विद्यालयलाई थप गर्ने।

ग) विद्यालयमा सञ्चालित कक्षा, तह तथा विद्यार्थी संख्यालाई आधार लिई थप गर्दै जाने।

घ) आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह सञ्चालित विद्यालयहरुको हकमा विषयगत दरवन्दीलाई समेत आधार मानी वितरण गरिने छ।

**४. गाउँपालिका शिक्षकको योग्यता तथा तालिम सम्बन्धी व्यवस्था**: दफा ३ बमोजिम सिर्जना भएका शिक्षक कोटामा नियुक्त हुने गाउँपालिका शिक्षकको योग्यता र तालिम देहाय बमोजिम हुनेछ :

**१) बाल विकास शिक्षक :**

**क)** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने वा सो सरहको तालिम प्राप्त गरेको वा शिक्षा शास्त्रमा प्रवीणता प्रमाण पत्र तह वा सो सरहको परीक्षामा कम्तिमा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीर्ण गरेको।

**२) प्राथमिक तह:**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने वा सो सरहको तालिम प्राप्त गरेको वा शिक्षा शास्त्रमा प्रवीणता प्रमाण पत्र तह वा सो सरहको परीक्षामा कम्तिमा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीर्ण गरेको।

**३) निम्न माध्यमिक तह:**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने वा सो सरहको तालिम प्राप्त गरेको वा शिक्षा शास्त्रमा प्रवीणता प्रमाण पत्र तह वा सो सरहको परीक्षामा कम्तिमा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीर्ण गरेको।

**४) माध्यमिक तह ( कक्षा ९-१०) :**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने वा सो सरहको तालिम लिएको ।

**५) माध्यमिक तह (कक्षा ११-१२):**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरहको परीक्षा कम्तीमा द्वितीय श्रेणी उत्तीर्ण गरेको ।

**६) दफा ४ को उपदफा १,२,३ र ५ मा** जुनसुकै कुरा लेखिएता पनि सो उपनियम बमोजिम तालिम नलिएको व्याक्ति गाउँपालिका शिक्षक पदको लागि उम्मेदवार हुने सम्वन्धी व्यवस्था शिक्षक सेवा आयोग नियमावली २०५७ बमोजिम हुनेछ ।

**५. उम्मेदवारको अयोग्यता:** गाउँपालिका शिक्षक पदमा देहायका व्यक्तिहरु उम्मेदवार हुन योग्य हुने छैनन् ।

क) गैर नेपाली नागरिक

ख) १८ वर्ष उमेर नपुगेको

ग) ४० वर्ष नाघेको ।

ग) मगज बिग्रिएको ।

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएको ।

ङ) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको ।

च) अध्यापन अनुमती पत्र प्राप्त नगरेको ।

तर बालबिकास शिक्षकका लागि अध्यापन अनुमती पत्र प्राप्त नगरेको व्यक्ति अयोग्य हुने छैन ।

**६. पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रक्रिया**: परीक्षाको पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रक्रिया शिक्षक सेवा आयोग नियमावली २०५७ मा उल्लेख भए बमोजिम हुनेछ । बालविकास शिक्षकको लागि पाठ्यक्रम प्राथमिक तहको लागि शिक्षक सेवा आयोग नियमावली २०५७ मा उल्लेख भए बमोजिम विषयगत परीक्षाको पाठ्यक्रम हुनेछ ।

**७. गाउँपालिका शिक्षकको पदपुर्ती :** आलिताल गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा शिक्षक संख्या कम भइ पठनपाठनमा समस्या परेका विद्यालयहरुलाई गाउँ कार्यपालिकाको निर्णयानुसार विद्यालयहरुलाई उपलब्ध गराइएको कोटामा नियुक्त गरिने छ।

८. **अनुमति लिनुपर्ने :** विद्यालयले गाउँपालिका शिक्षक पदपुर्तिको लागि विज्ञापन गर्नु पूर्व गाउँपालिकाको अनुमति लिनुपर्ने छ।

**९. विज्ञापन गर्नुपर्ने:** गाउँपालिका शिक्षकको छनौट गर्न कम्तीमा १५ दिनको म्याद दिई विद्यालयले सार्वजनिक रुपमा विज्ञापन गर्नुपर्ने छ।

**१०. दरखास्त बुझाउनु पर्ने**: गाउँपालिका शिक्षकको छनौट परीक्षामा भाग लिन चाहने उम्मेदवारले विद्यालयबाट निर्धारित दरखास्त फाराम भरी विद्यालयले तोके बमोजिमको परीक्षा दस्तुर दाखिला गरी विज्ञापनमा तोकिएको स्थान र अवधिभित्र दरखास्त फाराम बुझाउनु पर्ने छ।

**११. स्वीकृत नामावलीको सूची टाँस गर्नुपर्ने**: विद्यालयले दरखास्त स्वीकृत भएका सबै उम्मेदवारहरुको नामावलीको सूची तयार गरी सूचना पाटीमा टाँस गर्नुपर्ने छ।

**१२. परीक्षा हुने मिति, समय र केन्द्र :** गाउँपालिका शिक्षकको छनौट परीक्षा विद्यालयले तोकेको मितिमा आलिताल गाउँपालिकाको कार्यालय वा आलिताल गाउँपालिकाको कार्यालयबाट नजिक पर्ने अन्य विद्यालय वा संस्थामा सञ्चालन हुनेछ।

**१३. परीक्षा प्रणाली**: शिक्षकको छनौट परीक्षा विषयविज्ञहरुबाट प्रश्नपत्र निर्माण गरी शिक्षक सेवा आयोग नियमावली २०५७ ले निर्धारण गरेको खुला प्रतियोगितात्मक परीक्षा (लिखित तथा मौखिक) पद्धति अनुसार सञ्चालन हुनेछ।

**१४. उम्मेदवारको अन्तरवार्ता :** लिखित परीक्षामा सफल भई सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरु मध्येबाट शिक्षक सेवा आयोग नियमावली २०५७ को नियम २० बमोजिमको अनुपातमा थप उम्मेदवारको सूची अन्तरवार्ताका लागि प्रकाशन गरिने छ।

**१५. अन्तरवार्ता सम्बन्धी व्यवस्था:** दफा १६ बमोजिम प्रकाशित सूचीमा उल्लेखित उम्मेदवारको अन्तरवार्ता लिने काम शिक्षक छनौट समितिको हुनेछ र आवश्यक परेको खण्डमा उप समिति गठन गर्न सकिने छ।

**१६. अन्तरवार्ताको अंक:** लिखित परीक्षा सफल भई अन्तरवार्तामा समावेश भएका उम्मेदवारलाई अन्तरवार्ता वापत शिक्षक सेवा आयोग नियमावली २०५७ को नियम २२ बमोजिमको अंक प्रदान गरिने छ।

**१७. योग्यताक्रम प्रकाशित गर्नुपर्ने:** १) लिखित र अन्तरवार्ता दुवै परीक्षामा सफल भएका उम्मेदवारहरुको नाम सिफारिस सहित योग्यताक्रम प्रकाशित गर्नुपर्ने छ। सो योग्यताक्रम प्रकाशित गर्दा उपलब्ध भए सम्म रिक्त पद संख्याको दश प्रतिशतले हुन आउने संख्यामा उम्मेदवारको नाम वैकल्पिक सूचीमा राख्नु पर्नेछ।

**१८. नियुक्ति दिनुपर्ने:** शिक्षक छनौट समितिले सिफारिस गरेको व्यक्तिलाई विद्यालयले वढीमा ६ महिनकको लागि करार नियुक्ति गर्नु पर्नेछ । गाउँपालिकाबाट अनुदान प्राप्त हुने सुनिश्चित भएमा प्रत्येक पटक ६ महिनाका दरले विद्यालयले नियुक्ति अवधि थप गर्दै जानुपर्ने छ।

**१९. नियुक्ति लिनुपर्ने :**गाउँपालिका शिक्षक पदमा सिफारिस हुने उम्मेदवारले सिफारिस भएको मितिले तिस दिन भित्र नियुक्ति लिनु पर्नेछ । त्यसरी सिफारिस भएको उम्मेदवारले उक्त समयावधि भित्र नियुक्ति नलिएमा सो पदमा वैकल्पिक उम्मेदवारलाई नियुक्त गरिने छ।

**२०. अभिलेखीकरण गर्नुपर्ने:** गाउँपालिका शिक्षक पदमा नियुक्त शिक्षकको गाउँपालिकाले अभिलेखीकरण गर्नुपर्ने छ।

**२१. विषय परिवर्तन गर्न सकिने**: कुनै एक विषयमा नियुक्ति भएको शिक्षक पद रिक्त भएमा विद्यालय व्यबस्थापन समितिले सो विषय अर्को विषयमा परिवर्तन गरी गाउँपालिकाको कार्यालयको अनुमतिमा विज्ञापन गर्न सक्ने छ।

**२२. तल्लो तहमा शिक्षक दरबन्दी कायम गर्न सक्ने**: निम्न माध्यमिक तथा माध्यमिक तहमा कम्तिमा दुई पटक विज्ञापन गर्दा समेत शिक्षक पदपुर्ति हुन नसकेमा विद्यालय व्यबस्थापन समितिको सिफारिसमा गाउँ कार्यपालिकाले माध्यमिक तहको शिक्षक पदलाई निम्न माध्यमिक तह र प्राथमिक तह तथा निम्न माध्यमिक तहको पदलाई प्राथमिक तहको पदमा कायम गर्न सक्ने छ। यसरी कायम गरेको पदमा शिक्षक पदस्थापन भए पछि जुन तहको शिक्षक पदमा पदस्थापन भएको हो गाउँपालिकाले सोही तह बराबरको अनुदान मात्र उपलव्ध गराउने छ।

**२३. वडा शिक्षक सम्वन्धी व्यवस्था**: गाउँपालिकका वडाहरुले वार्षिक कार्यक्रममा शिक्षक व्यवस्थापन सम्वन्धी योजना तथा कार्यक्रम समावेश गर्नसक्ने छन। यसरी समावेश गरेको योजना तथा कार्यक्रममा शिक्षक व्वस्थापन गर्दा यसै कार्यविधि अनुसार गर्नु पर्नेछ।

## परिच्छेद ३
## शिक्षक छनौट समिति

**२४. गाउँपालिका शिक्षक छनौट समिति:** १) गाउँपालिका शिक्षकको छनौट, परीक्षा सञ्चालन तथा नियुक्तिको लागि सिफारिस गर्न विद्यालयमा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहने छ।

क)विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य — अध्यक्ष

ख) शाखा प्रमख वा निजको काम गर्न तोकिएको कर्मचारी वा निजको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी सदस्य

ग) माध्यमिक तहको शिक्षक छनौट परीक्षाका लागि कम्तिमा स्नातकोत्तर तह र अन्य तहको शिक्षक छनौट परीक्षाको लागि कम्तिमा स्नातक तह उत्तीर्ण गरेका शिक्षकहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेका दुई जना सदस्य

घ) प्रधानाध्यापक सदस्य सचिव

२) उपदफा (१) को खण्ड (ग) को प्रयोजनको लागि विद्यालय व्यवस्थापन समितिले गाउँपालिका वा शिक्षा विकास तथा समन्वय इकाइ डडेलधुरामा सूचीकृत विषय विशेषज्ञको सूचीबाट विषय विशेषज्ञ मनोनित गर्नुपर्ने छ।

३) उपदफा (१) को खण्ड (ग) को प्रयोजनको लागि गाउँपालिकाको कार्यालयले विषय विशेषज्ञ सूची सूचीकृत गर्नु पर्नेछ।

४) उपदफा २ मा जनसुकै कुरा लेखिएको भएता पनि माध्यमिक तहमा कुनै बिषयमा गाउँपालिका वा शिक्षा विकास तथा समन्वय इकाइ डडेलधुरामा सूचीकृत भएका सूचीमा विषय विशेषज्ञ नभएमा सूचीकृत नभएका व्यक्तिहरु समेत मनोनित गर्न सकिने छ।

५) शिक्षक छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ।

६) शिक्षक छनौट समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गर्न सक्नेछ।

**२५. छनौट समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

क) परीक्षा सञ्चालन गर्न आवश्यक स्रोत साधन र जनशक्तिको व्यवस्था गर्ने।
ख) स्वच्छ, मर्यादित र विश्वशनीय ढंगले परीक्षा सञ्चालन गर्ने/ गराउने।
ग) उत्तरपुस्तिका परीक्षण गराउने।
घ) लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने।
च) अन्तरवार्ता लिने
छ) लिखित र अन्तरवार्ताको नतिजा प्रकाशन गर्ने।
ज) गाउँपालिका करार शिक्षक नियुक्तिका लागि सिफारिस गर्ने।

## परिच्छद ४

## तलब भत्ता तथा अन्य सुविधा

**२६. तलब भत्ता:** १) गाउँ कार्यपालिकाबाट पारित भएको शिक्षक व्यवस्थापन तथा शैक्षिक गुणस्तर सुधार कार्यविधि, २०७९ को अधीनमा रही गाउँ कार्यपालिकाबाट विनियोजित शीर्षकबाट तलब भत्ता खाने गरी नियुक्त गरिएको गाउँपालिका शिक्षकहरुको तलब भत्ता सम्बन्धित विद्यालयको खातामा अनुदान स्वरुप निकासा गरिने छ।

**२७. चाडपर्व खर्च पाउने**: गाउँपालिका शिक्षकले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाउने चाडपर्वको लागि आफूले खाइपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउने छ।
तर नियुक्ति भएको छ महिना व्यतीत भएपछि मात्र चाडपर्व खर्च उपलब्ध गराइने छ।

**२८. विदा तथा काज सम्बन्धी:** शिक्षा नियमावली २०५९ वमोजिम करार सेवामा कार्यरत शिक्षकले पाए सरह विदा तथा काज पाउने छन।

**२९. सेवा अवधि गणना नहुने:** शिक्षकले बिदा नलिई विद्यालयमा अनुपस्थित भएको दिन निजको सेवा अवधिमा गणना हुने छैन।

**३०. बिदा सहुलियत मात्र हुने**: बिदा अधिकारको कुरा नभएर सहुलियत मात्र हुनेछ।

**३१. सेवाबाट बर्खास्त गरिने**: शिक्षकलाई सेवा बर्खास्त गर्ने आधार शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ बमोजिम हुनेछ।

## परिच्छेद- ५
## आचारसंहिता

**३२. आचारसंहिताको पालना गर्नुपर्ने:** गाउँपालिका शिक्षकले शिक्षा नियमावली, २०५९ को नियम १३३ मा उल्लेख भए बमोजिमको आचारसंहिताको पालना गर्नु पर्नेछ।

## परिच्छेद ६
## शैक्षिक गुणस्तर सुधार

**३३. शैक्षिक गुणस्तर सुधार अनुदान: १)** विद्यालयहरुलाई शैक्षिक गुणस्तर सुधारका लागि अनुदान दिइने छ।
**२)** उपदफा १) बमोजिम प्राप्त अनुदान रकम विद्यालयहरुले देहाय बमोजिमको शीर्षकमा दोहोरो नपर्ने गरी खर्च गर्न सक्नेछन।

क) गणित ,विज्ञान र अङग्रेजी विषयका अतिरिक्त कक्षा सञ्चालन
ख) विद्यालयको आफ्नै निजि स्रोतबाट तलब भत्ता खाने गरी नियुक्ति गरिएका शिक्षक व्यवस्थापन
ग) सुधारात्मक तथा उपचारात्मक शिक्षण
घ) शैक्षिक सामग्री खरिद
ङ) शिक्षक अभिभावक अन्तर्क्रिया
च) अतिरिक्त क्रियाकलाप सञ्चालन
छ) सन्दर्भ सामाग्री खरिद
ज) विपन्न लक्षित छात्रवृत्ति वितरण
झ) पिछडिएका तथा सडक बालबालिका लक्षित कार्यक्रम
ञ) विद्यार्थी उत्प्रेणात्मक कार्यक्रम
ट) कम्प्युटर ल्याब व्यवस्थापन

ठ) कम्प्युटर तथा सूचना प्रविधि कक्षा सञ्चालन तथा व्वस्थापन
ड) खेलकूद सामग्री खरिद
ढ) शिक्षाका राम्रा अभ्यासको अनुभव आदान प्रदान
ण) क्षेत्रभ्रमण
त) खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन
थ) शिक्षासगँ सम्वन्धित खोज अनुसन्धान
द) अतिरिक्त क्रियाकलाप तथा सह क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन
ध) शिक्षक तालिम
न) विद्यालय व्यवस्थापन समितिले आवश्यक ठानेका शैक्षिक गुणस्तरका अन्य क्षेत्र

**३४. शैक्षिक गुणस्तर सुधार अनुदानबाट शिक्षक व्यवस्थापन गर्न सक्नेः** कुनै विद्यालयले शैक्षिक गुणस्तर सुधार अनुदानबाट शिक्षक व्यवस्थापन गर्न चाहेमा शिक्षक व्वस्थापन गर्नुपर्ने तह र विषय जनाइ गाउँपालिकाको अनुमतीमा यसै कार्यविधि वमोजिम शिक्षक व्यवस्थापन गर्न सक्ने छन।

३५. **शैक्षिक गुणस्तर सुधारको रकम शैक्षिक तथा प्रशासनिक कार्यमा खर्च गर्न सक्नेः १)** गाउँ सभाबाट स्वीकृत भएको शिक्षक व्यवस्थापन तथा शैक्षिक गुणस्तर सुधार शीर्षक बजेटको विस प्रतिशत नबढने गरी आलिताल गाउँपालिकाले शिक्षा, युवा तथा खेलकुद शाखाको देहाय वमोजिमको शैक्षिक तथा प्रशासनिक कार्यमा खर्च गर्न सकिने छ।

क) विद्यालयका लागि शैक्षिक सामाग्री खरिद
ख) अतिरिक्त क्रियाकलाप सञ्चालन
ग) विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेसागत सहयोग
घ) खेलकूद सामाग्री खरिद
ङ) शिक्षाका राम्रा अभ्यासको अनुभव आदान प्रदान।
च) शैक्षिक भ्रमण
छ) खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन
ज) शिक्षासगँ सम्वन्धित खोज अनुसन्धान।
झ) शिक्षक तालिम
ञ) कार्यलय व्यवस्थापन
ट) कर्मचारी आवास प्रवन्ध
ठ) शिक्षा तथा खेलकुदसगँ सम्वन्धित समिति व्यवस्थापन
ड) विद्यार्थी आवास प्रवन्ध

## परिच्छेद ६
## विविध

**३६. गाउँपालिका शिक्षक अनुदान थपधट वा खारेजी गर्न सकिने :** संघीय सरकार तथा प्रदेश सरकारबाट शिक्षक दरबन्दी प्राप्त भएमा वा विद्यालयमा प्रर्याप्त शिक्षक भएमा शिक्षक विद्यार्थी अनुपातको आधारमा गाउँ कार्यपालिकाले शिक्षक अनुदान थपधट वा खारेजी गर्न सक्नेछ।

**३७. प्रचलित कानुन बमोजिम हुने** : प्रचलित कानुनमा व्यवस्था भएका विषयहरुमा सोही बमोजिम हुनेछ।

**३८. यसै कार्यबिधि बमोजिम हुने**:- यो कार्यबिधि लागु हुनु भन्दा पहिले शिक्षक व्यवस्थापन तथा शैक्षिक गुणस्तर सुधार सम्बन्धी अनुदान यसै कार्यबिधि बमोजिम भएको मानिनेछ।

**३९. बचाउ:** यो कार्यविधि जारी हुनु अगाडी यस गाउँपालिकाबाट गाउँपालिका शिक्षकको रुपमा नियुक्त भएका शिक्षक यसै कार्यविधि बमोजिम नियुक्ति भएको मानिने छ।

**४०. खारेजी:** गाउँ कार्यपालिकाले यो कार्यविधि जुनसुकै बखत खारेज गर्न सक्नेछ।

**आज्ञाले**
**प्रमुख प्रशासकीय अधिकृत**